नेपाल सरकार
शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी,भक्तपुर

**पत्र सङ्ख्या : २०६८/०६९**
**च.नं.: ५९८**

मिति : २०६८/११/१४

**विषय : परीक्षा केन्द्र मूल्याङ्कन सम्बन्धमा ।**

**श्री जिल्ला शिक्षा कार्यालय,**

**७५ वटै ।**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०६८/०६९ को स्वीकृत वार्षिक कार्यक्रममा “Fair Exam सञ्चालन गर्ने परीक्षा केन्द्रहरुलाई प्रोत्साहन प्याकेज” शीर्षकमा कार्यक्रम रहेकोमा माध्यमिक शिक्षा उत्तीर्ण (एस्एल्सी) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका बमोजिम विकास गरिएका सूचकहरुको आधारमा विकास गरिएको संलग्न बमोजिमको परीक्षा केन्द्र मूल्याङ्कन फाराम प्रयोग गरी एस्एल्सी परीक्षा सञ्चालनको समयमा केन्द्र अनुगमन गरी संलग्न फाराम तथा अङ्क प्रदान गर्ने निर्धारित आधारमा अङ्क प्रदान गरी जम्मा प्राप्ताङ्कका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उत्कृष्ट परीक्षा केन्द्रलाई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समितिको निर्णय सहित चैत्र मसान्तभित्र यस कार्यालयमा सिफारिस पठाउने व्यवस्था गर्नुहुन अनुरोध छ । साथै निर्णय प्रतिलिपिका साथ त्यस जिल्लाका मूल्याङ्कन Criteria मा पर्ने सम्पूर्ण परीक्षा केन्द्रहरुको प्राप्ताङ्क संलग्न फाराममानै उल्लेख गरी पठाउनुहुन अनुरोध छ । निर्धारित समयभित्र प्राप्त विवरणहरुको आधारमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिको निर्णयबाट एउटा जिल्लाको एउटा परीक्षा केन्द्रलाई प्रमाणपत्र सहित नगद पुरस्कार समेत उपलब्ध गराईने व्यहोरा अनुरोध छ ।

.................................

डिल्लीराम रिमाल

(नियन्त्रक)

बोधार्थ
श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ५ वटै ।
श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

**जिल्ला शिक्षा कार्यालय......................**

## परीक्षा केन्द्र मूल्याङ्कन फाराम

| क्र.सं. | परीक्षा केन्द्रको नाम र ठेगाना | मूल्याङ्कनका आधारहरु *(परीक्षा केन्द्र अनुगमन गर्ने जिशिकाका कर्मचारीहरुले समेत यसै फाराममा प्रयोग भएका आधारहरुमा आधारित भएर मूल्याङ्कन गर्नुपर्ने छ र जुन केन्द्रको अनुगमन जसले गरेको हो, सम्बन्धित केन्द्रको अंक निजलेनै प्रदान गर्नुपर्ने छ ।)* | | | | | | | | जम्मा प्राप्ताङ्क | (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षार्थी संख्या (१०) | सुरक्षा, यातायात र संचार (१०) | भवन, फर्निचर र कम्पाउण्ड (१०) | केन्द्राध्यक्ष, स. केन्द्राध्यक्ष र निरीक्षकको उपयुक्तता (१०) | शान्तिपूर्ण तथा मर्यादित वातावरण (१०) | निर्देशनको पालना (१०) | परिचयपत्रको व्यवस्था (५) | परीक्षार्थीको खानतलासी (१०) | जिशिकाले प्रदान गर्ने अंक (२५) | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

*नोटः यसै मूल्याङ्कन फाराममा उल्लेखित प्राप्ताङ्कको आधारमा जिल्ला परीक्षा समन्वय समितिले उत्कृष्ट परीक्षा केन्द्रको छनौट सम्बन्धी निर्णय गर्नुपर्ने छ । केन्द्र संख्याका आधारमा यो फारामको फोटोकपी गरी प्रयोग गर्न सकिनेछ ।*

*अंक प्रदान गर्ने आधारहरु*

***प्रोत्साहन प्याकेजमा सहभागी हुनका लागि जिल्लाहरुको लागि* requirements**

- ***जिल्लामा २०६८ सालको मूल एसएलसी परीक्षाका लागि कम्तिमा* Home Centre *रहेका केन्द्रहरुबाहेक ६ वटा परीक्षा केन्द्र रहेको हुनुपर्ने । (*Home Centre *भएका परीक्षा केन्द्रहरुलाई मूल्याङ्कनमा समावेश नगर्ने)***

१. परीक्षार्थी संख्या : हिमाली क्षेत्रमा कम्तिमा १५०, पहाडी क्षेत्रमा कम्तिमा २०० र तराईमा कम्तिमा २५० परीक्षार्थी संख्या भएमा पूर्णाङ्क १० दिने । तर सो भन्दा कम भएमा यो बापतको कुनै अंक नदिने ।

२. सुरक्षा, यातायात र संचारः परीक्षा केन्द्र रहने स्थानमा प्रहरी चौकी, यातायात र सञ्चारको व्यवस्था भएमा १० अंक प्रदान गर्ने ।

३. भवन, फर्निचर र कम्पाउण्डः परीक्षा केन्द्र रहेको विद्यालयमा कम्पाउण्ड, भवन र फर्निचरको उपयुक्त व्यवस्था भएमा १० अंक प्रदान गर्ने ।

४. केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षकको उपयुक्तता : केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको माध्यमिक तह वा उच्च माध्यमिक तहको स्थायी शिक्षक भएको, सहायक केन्द्राध्यक्ष माध्यमिक विद्यालयको स्थायी शिक्षक र निरीक्षक निम्नमाध्यमिक वा प्राथमिक तहको शिक्षक भएमा १० अंक प्रदान गर्ने । उल्लेखित पदका व्यक्तिहरुमध्ये कसैको आधार नपुगेको भएमा ५ अंकमात्र प्रदान गर्ने ।

५. शान्तिपूर्ण तथा मर्यादित वातावरण : परीक्षा केन्द्र भित्र र बाहिरको वातावरण शान्तिपूर्ण र मर्यादित भएमा १० अंक प्रदान गर्ने ।

६. निर्देशनको पालनाः जिल्ला परीक्षा समन्वय समिति/सुपरिवेक्षक (परीक्षाको अनुगमनमा विभिन्न निकायबाट खटिएका व्यक्तिहरु) आदिबाट प्राप्त निर्देशनको पालना भएको अवस्थामा १० अंक प्रदान गर्ने ।

७. परिचयपत्रको व्यवस्था : परीक्षा केन्द्रमा खटिएका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक र पियनले देखिनेगरी परिचयपत्र लगाएको भएमा ५ अंक प्रदान गर्ने ।

८. परीक्षार्थीको खानतलासी : परीक्षा केन्द्रमा प्रवेश गर्नुभन्दा अगाडि परीक्षार्थीहरुको मुल प्रवेशद्वारमा खानतलासी गरेको भएमा १० अंक प्रदान गर्ने ।

९. जिशिकाले प्रदान गर्ने अंक : माथि उल्लेख गरिएका भन्दा जिल्लागत रुपमा विशिष्ट आधारहरुको प्रयोग गरी जिल्ला शिक्षा कार्यालयले एकमुष्ट प्रदान गर्ने अंक २५ रहने । माथि उल्लेखित आधारहरु बाहेकका आधारहरु जिल्लाले निर्धारण गरी सो बापत अंक प्रदान गर्न सक्ने ।

*(यी आधारहरुका आधारमा प्रत्येक केन्द्रको मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने केन्द्र जिल्ला परीक्षा समन्वय समितिको निर्णय सहित २०६८ चैत्र मसान्तभित्र परीक्षा नियन्त्रण कार्यालयमा आइपुग्ने गरी पठाउनुपर्ने छ । सो निर्णयको प्रतिलिपि संगै माथि उल्लेखित ढाँचामा सबै परीक्षा केन्द्रको अंक विवरण समेत पठाउनुपर्ने छ । र सोही बमोजिम माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिले निर्णय गरी प्रमाणपत्र र प्रोत्साहन रकम सम्बन्धित केन्द्र रहेको विद्यालयलाई जिल्ला शिक्षा कार्यालय मार्फत उपलब्ध गराइने छ । तोकिएको समयमा विवरण प्राप्त नभएमा परीक्षा नियन्त्रण कार्यालय जिम्मेवार रहनेछैन । परीक्षा केन्द्रको छनौटमा जिल्ला शिक्षा कार्यालय र सम्बन्धित जिल्ला परीक्षा समन्वय समिति जिम्मेवार तथा जवाफदेही हुनुपर्ने छ ।*